यो खिन्जब भनिने एक शैतान हो । उसले तिमीलाई विचलित गर्न खोज्छ भने तअउवुज् पढ (अल्लाहको शरण लेऊ) र आफ्नो बायाँतिर तीन पटक थुथु गर

उस्मान बिन अबुल आस् (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, म रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आए र भने: हे अल्लाहका रसूल! शैतान मेरो नमाज र मेरो कुरानकाे तिलावत
(पाठ) को बीचमा आएर मलाई भ्रमित पार्न खोज्छ । यो सुनेर, रसूल (सल्लल्लाहु अलैहि
वसल्लम) ले भन्नुभयो: " यो खिन्जब भनिने एक शैतान हो । उसले तिमीलाई विचलित गर्न
खोज्छ भने तअउवुज् पढ (अल्लाहको शरण लेऊ) र आफ्नो बायाँतिर तीन पटक थुथु गर ।" उनी भन्छन्, जब मैले यसो गरें, अल्लाहले मेरो समस्या हटाइदिनु भयो । [सही] [मुस्लिमले वर्णन गरेका छन्]

उस्मान बिन अबुल आस (रजियल्लाहु अन्हु) रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आएर भने, हे अल्लाहका रसूल! शैतान मेरो र मेरो नमाज बीचमा बाधाको रूपमा खडा हुन्छ, मलाई एकाग्रताका साथ र ध्यानमग्न भएर नमाज पढ्न दिँदैन र मेरो तिलावत (पठन)मा शंका उत्पन्न गर्दछ । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई भन्नुभयो: यो खिन्जब भनिने एक शैतान हो । जब तिमी उसको बहकाव महसुस गर्छौ, तब अल्लाहको शरण लेऊ र आफ्नो बायाँतिर तीन पटक थुक । उस्मान भन्छन्, जब मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आदेशको पालना गरें, अल्लाहले मेरो समस्या हटाइदिनु भयो ।

http://sunnah.global/hadeeth/ne/show/65105